# आ.व . २०७९/८० को प्रथम कार्यपालिका बैठक

आज मिति २०७९।०४ ।०५ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

**उपस्थिति**

अध्यक्ष श्री प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका।
उपाध्यक्ष श्री कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री गेमे खड्का, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका।
सदस्य श्री पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका।
सदस्य श्री गिता चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका।
सदस्य श्री संजिव परियार, राप्ती गाउँकार्यपालिका।
सदस्य सचिव श्री शोभाराम रिजाल , राप्ती गाउँपालिका।

**आमन्त्रित**

श्री विकास ज्ञवाली, अधिकृत
श्री जीवराज पौडेल, पशु विकास अधिकृत
श्री विश्वास वि.क. शाखा अधिकृत
श्री शरेन्द्र हमाल रिजाल, न.ले.प्रा.
श्री सुवास भट्टराई, क.अ.

**राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षतामा मिति २०७९।०४।०५ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरु -**

निर्णय नं.१- नेपाल सरकार स्वास्थ्य मन्त्रालय बाट जारी भएको "मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गरिरहेका ,क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८" ले तोके बमोजिम सुविधा उपलब्ध गराउने ।

निर्णय नं.२- संघीय मामिला तथा सामान्य प्रशासनको संगठन शाखाबाट तयार गरिएको १५ शैया अस्पतालको दरवन्दी तेरिज अनुसारको दरवन्दी संरचनालाई आवश्यकता अनुसार परिमार्जन गर्ने गरी स्विकृत गर्ने ।

निर्णय नं. ३- राप्ती गाउँपालिका १ भालुवाङ जलावुदिन खानले स्त्री जाती चौपाया बध गरी मासु विक्रि गर्न पाउँ भनि निवेदन दिईएकोमा पशु वधशाला तथा मासु जाँच ऐन २०५५, पशु वधशाला तथा मासु जाँच नियमावली २०५६, पशु वधशाला तथा मासु जाँच निर्देशिका २०६४ र लुम्विनी प्रदेश सरकारद्धारा प्रकाशित पशु वधशाला तथा मासु जाँच गर्ने सम्बन्धमा बनेको ऐन २०७६ ले तोके बमोजिम मापदण्ड पुरा गरेको हकमा विक्रि वितरणका लागि द्धिपक्षिय सम्झौता गरी ईजाजत दिने ।

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम बैठकबाट निर्णय भएको प्रमाणित गर्दछु